नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं. ३७१

मितिः २०७६/१२/३०

श्री महानगरपालिका ६ वटै,
श्री उपमहानगरपालिका ११ वटै,
श्री नगरपालिका २७६ वटै,
श्री गाउँपालिका ४६० वटै।

**विषयः- वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गर्ने सम्वन्धमा ।**

सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्नुपर्ने व्यहोरा अवगत नै छ । सोही सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.५३४/५८७९, मिति २०७६/१२/२९ को पत्रमार्फत सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरुलाई आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने नीति तथा कार्यक्रमको माग भएको छ । अतः तहाँ स्थानीय तहले समेत आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने नीति तथा कार्यक्रम तयार पारी देहायको ढाँचामा २०७७ बैसाख २ गतेभित्र यस मन्त्रालयमा पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

**नीति तथा कार्यक्रमको प्रस्ताव गर्ने ढाँचाः**

| क्र.सं. | आ.व. २०७५/७६ र आ.व. २०७६/०७७ का नीति मध्येबाट आगामी आ.व.मा निरन्तरता दिनुपर्ने नीति तथा कार्यक्रम | आ.व. २०७७/०७८ मा थप्नुपर्ने वा शुरु गर्नुपर्ने नीति | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | पन्ध्रौं योजनाको आगामी आ.व.को नीति तथा कार्यक्रम | नवप्रवर्तनकारी नीति तथा कार्यक्रम | |
| १. | | | | |
| २. | | | | |

पुनश्चः प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको विद्युतीय प्रति planning.mofaga@gmail.com मा समेत पठाउनुहुन अनुरोध छ ।

(शान्ति पौडेल) १२।३०
शाखा अधिकृत